जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २७७ २०८१ साल जेठ २९ गते मंगलबार (11 June 2024 Tuesday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : ढल्केबर-इनरुवा प्रसारण... ३ पृष्ठमा : जसपा नेपालको प्रतिवेदनमा ... ३ पृष्ठमा :भारतका प्रधानमन्त्री मोदीद्वारा...

## तिरहुत टाइगर्स सप्तरी प्रिमियर लिग सिजन ६ को बिजेता




**दैनिक समाचारदाता**
**राजविराज, २८ जेठ ।**

सर्वाधिक पुरस्कार राशी रहेको राजविराज मेयर कप सप्तरी प्रिमियर लिग सिजन ६ को बिजेता तिरहुत टाइगर्स बनेको छ ।

राजविराजस्थित पब्लिक विन्देश्वरी विद्यालय खेल मैदानमा सोमबार सम्पन्न फाइनलमा तिरहुत टाइगर्सले छिन्नमस्ता लायन्सलाई ३१ रनले पराजित गर्दै बिजेता बनेको हो । बिजेतासँगै तिरहुट टाइगर्सले ३ लाख रुपैयाँ हात पारेको छ भने उपविजेता छिन्नमस्ता लायन्सले १ लाख ५० हजार रुपैयाँ प्राप्त गऱ्यो ।

तिरहुत टाइगर्सले दिएको ९२ रनको लक्ष्य पछ्याएको छिन्नमस्ता लायन्सले १४ ओभरमा ६० रनमा सबै विकेट गुमायो । छिन्नमस्ताको लागि बिशाल पटेलले सर्वाधिक १४, मयन यादवले १३ तथा फिर्दोश अन्सारीले अविजित १२ रन बनाउनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

तिरहुतको बलिङमा दिपेश कंडेलले सर्वाधिक ४ विकेट लिए । कप्तान अनिल यादवले ३ विकेट लिए वापत प्लेयर अफ द म्याच घोषित भए । बसिर अहमदले २ तथा अभिषेक कार्कीले १ विकेट लिए ।

यस अघि टस जितेर ब्याटिङ रोजेको तिरहुत टाइगर्सले १८.४ ओभरमा सबै विकेट गुमाएर ९१ रन बनायो । तिरहुतको लागि भोला कुमार साहले सर्वाधिक २९ रन योगदान दिए । बसिर अहमदले १८ तथा रुपेश सिंहले १० रन बनाउनु बाहेक अन्य ब्याटरए दोहोरो अंकमा रन बनाउन सकेनन् । छिन्नमस्ताको बलिङमा बिशाल पटेल, फिर्दोश अन्सारी, गुनानन्द रोय र सुमित नेवारले समान २ विकेट लिए ।

प्रतियोगिताकै उत्कृस्ट खेलाडी तिरहुत टाइगर्सका बसिर अहमद घोषित भए । उनले ६ खेलमा १ सय ९८ रन बनाउनुको साथै १० विकेट लिएका थिए । यस्तै उत्कृस्ट बलर छिन्नमस्ता लायन्सका बिशाल पटेल घोषित भए । उनले ७ खेलमा १५ विकेट लिए । उत्कृस्ट ब्याटर कन्चनरुप राइनोजका शुभ कंसकार घोषित भए । उनले ७ खेलमा २ सय ९७ रन बनाएका थिए । यस्तै उदयमान खेलाडी छिन्नमस्ता लायन्सका मोहम्मद सोहेल खान घोषित भए । उनले ७ खेलमा १२ विकेट लिए ।

फाइनल खेलको प्लेयर अफ द म्याच तिरहुत टाइगर्सका कप्तान अनिल कुमार यादव घोषित भए । प्रतियोगिताको उत्कृस्ट खेलाडीले २५ हजार रुपैयाँ, उत्कृस्ट बलर र ब्याटरले जनही १५ हजार रुपैयाँ तथा उदयमान खेलाडीले क्रिकेट किट प्राप्त गरे ।

विजेता खेलाडीहरुलाई नेपाल क्रिकेट संघका उपाध्यक्ष रोशन कुमार सिंह, राजविराज नगरपलिकाका प्रवक्ता जय नारायण मण्डल, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष बिद्यानन्द चौधरी, तिरुहट गाउँपालिकाका अध्यक्ष विजय यादव, नेपाल क्रिकेट संघका केन्द्रिय सदस्य दुर्गाराज पाठक र सप्तरी क्रिकेट संघ अध्यक्ष तथा नेपाल क्रिकेट संघका केन्द्रिय सदस्य आयुष श्रेष्ठ लगायतले पुरस्कार वितरण गरे ।

सप्तरी क्रिकेट संघको आयोजनामा एघार दिन चलेको प्रतियोगितामा जिल्लाका ६ वटा स्थानीय तहका टिमहरुले सहभागीता जनाएका थिए ।

## सर्पदंशबाट एकै दिन ६ जना उपचारका लागी भर्ना

**दैनिक समाचारदाता**
**राजविराज, २८ जेठ ।**

गर्मी बढेसँगै तराई मधेशमा सर्पदंशका घटनाहरु पनि बढेको छ । केही दिन यता बढेको अत्यधिक गर्मीका कारण सप्तरीमा सर्पदंशको घटना ह्वातै बढेको हो ।

पछिल्लो १५ दिनको अवधीमा मात्र राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पतालमा सर्पदंशका पीडित ५१ जनाले उपचार गराएको अस्पतालको तथ्याङ्कले देखाएको छ । सोमबार मात्रै सर्पदंशबाट पीडित ६ जना उपचारका लागी अस्पतालमा भर्ना छन् । यद्दपी उपचारका लागी भर्ना भएका मध्येबाट हालसम्म कसैको ज्यान नगएको अस्पताल प्रशासनले जनाएको छ ।

सर्पदंशका कारण सोमबार उपचारका लागी आउनेहरुमा राजविराज नगरपालिकाका ६ वर्षिय बालक आयूश यादव, १४ वर्षिय संतोष यादव, तिरहुत गाउँपालिकाका ४० वर्षिय सुरेन्द्र मण्डल, १८ वर्षिया पिंकि यादव, तिलाठी कोइलाडी गाउँपालिकाका ५४ वर्षिया सिता देवी मेहता र ५० वर्षिया ज्ञानी देवी साह रहेको गजेन्द्र नारायण सिह अस्पताल आकस्मिक कक्षका अहेब जयकृष्ण गुरमैताले जानकारी दिए ।

अत्यधिक गर्मी र फाटफुट वर्षाका कारण दुलो र झारपातबाट सर्प बाहिर आउदा सर्पदंशको घट्ना बढ्दै गएको उनको भनाइ छ । उनले दैनिक ४ देखि ७ जना सम्म सर्पदंशबाट घाईते भई उपचारका लागी आउने गरेको जानकारी दिए । यसरी सर्पदंशबाट घाइते भई आउनेहरुमा ग्रामिण क्षेत्रको मात्र नभइ शहरी क्षेत्रका पालिकाका वासिन्दा समेत रहने गरेको उनको

*बाँकी तीन पृष्ठमा*

## सेञ्चुरी बैंकका तत्कालीन अध्यक्ष श्रेष्ठसहित नौजना पक्राउ

काठमाडौँ, २८ जेठ (रासस) ।

केन्द्रीय अनुसन्धान ब्यूरो ( सिआइबी) को टोलीले ठगी मुद्दामा अनुसन्धानका लागि सेञ्चुरी बैंकका तत्कालीन अध्यक्ष राजेश श्रेष्ठसहित नौजनालाई पक्राउ गरेको छ ।

ठगी मुद्दामा अनुसन्धानका लागि तत्कालीन अध्यक्ष राजेश श्रेष्ठ, सुनिलकुमार न्यौपाने, प्राडा गीता प्रधान, रमेशकुमार निरौला, रणबहादुर श्रेष्ठ, राजेशकुमार दली, उमाकुमारी श्रेष्ठ, शिवगोपाल रिसाल तथा अभिषेक बज्राचार्यलाई पक्राउ गरिएको सीआइबीका प्रवक्ता एवं प्रहरी उपरीक्षक होबिन्द्र बोटगीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “ठगीको मुद्दामा अनुसन्धानका लागि सेञ्चुरी बैंकका नौजना पक्राउ परेका छन्, अभिषेक बज्राचार्यलाई सुनसरीबाट सोमबार पक्राउ गरिएको हो ।” यसअघि कमसल धितोमा बढी कर्जा प्रवाह गरेको आरोपमा गत फागुन १५ गते सेञ्चुरी बैंकका प्रमुख कार्यकारी अधिकृत ( सिइओ) मनोज न्यौपाने र तुलसी गौतमसहितका अन्य कर्मचारी पक्राउ परेका थिए ।

सेञ्चुरी बैंकमा रहँदा कमसल धितोमा रु दुई अर्ब ११ करोड ६५ लाख ५५ हजार कर्जा प्रवाह गरेको सिआइबीको अनुसन्धानले देखाएको छ । उक्त ऋण धितोभन्दा रु ९७ करोड ४१ लाख ७० हजार ७७२ ले बढी पाइएको सीआइबीको दाबी छ । बयानपछि पक्राउ परेका सबै गत चैतमा हाजिर जमानीमा छुटेका थिए ।

हाल सेञ्चुरी बैंक प्रभु बैंकमा गाभिइसकेको छ । देउराली बहुउद्देशीय सहकारी संस्था लिमिटेडका अध्यक्ष रवीन्द्र चौलागाईंको योजना र मिलेमतोमा सेञ्चुरी बैंकका तत्कालीन चिफ क्रेडिट अफिसर राजेश भण्डारी, तत्कालीन सिइओ न्यौपाने, त्यसअघिका सिइओ गौतमलगायतका व्यक्तिले कमिसन लिई कम धितो राखेर बढी ऋण प्रवाह गरी बैंकलाई हानी नोक्सानी पुऱ्याएको आरोप छ ।

बचतकर्ताको रु सात अर्ब हिनामिनाको आरोप लागेका देउरालीका अध्यक्ष चौलागाईं अहिले प्रहरी हिरासतमा रहेका छन् । देउराली सहकारी र रवीन्द्र चौलागाईंका विभिन्न कम्पनीलाई कमसल धितोकै आधारमा बैंकबाट कर्जा प्रवाह गरी घोटाला गरेको उनीहरुमाथि आरोप लागेको छ ।

## एकै दिन ६ महिलाद्वारा आत्महत्याको प्रयास

**दैनिक समाचारदाता**
**राजविराज, २८ जेठ ।**

सप्तरीमा सोमबार मात्र एकै दिन ६ जना महिलाले विष सेवन गरी आत्महत्याको प्रयास गरेका छन् । विष सेवनबाट सिकिस्त भएका ६ जनै महिलाको राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पतालमा उपचार भइरहेको छ ।

विष सेवन गर्नेहरु राजविराज नगरपालिकाका २, शम्भुनाथ नगरपालिकाका, कंचनरुप नगरपालिका, महादेवा गाउँपालिका र राजगढ गाउँपालिकाका १/१ जना छन् । जस मध्ये एकको अवस्था गम्भीर छ ।

विष सेवन गर्नेहरुमा १८ वर्ष देखि ४८ वर्ष उमेर समुह सम्मका महिलाहरु छन । उनीहरुले घरायसी कारणले विष सेवन गरेको वताएका छन् ।

अस्पतालको आकस्मिक कक्षका अहेव जयकृष्ण गुरमैताका अनुसार विष सेवन गर्नेहरुमा २ जनाले मुसा मार्ने औषधी र बाकीले खेतीपातीमा किरा मार्न प्रयोग गरीने विषादी सेवन गरेको पाइएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

डढेलोबाट बचौं र बचाऔं ।

सानो असावधानीले डढेलोबाट जंगलमात्र होईन, आसपासका बस्तीसमेत उजाड हुन सक्छन्
त्यसैले,

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं, गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग आगो निभाऔं,
- जंगल र बस्तीका बीचमा अग्निरेखा निर्माण गरौं,
- जंगलमा आगो लगाउने व्यक्तिका बारेमा प्रहरीलाई खबर गरौं,
- आगो निभाउन जाँदा सुरक्षाका उपाय अवलम्बन गरौं,
- जन, धन र वनको संरक्षण गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### अधिकार पहिचान गरौं

नेपालको संविधानले अहिले स्थानीय तहलाई विद्यायकी, कार्यकारणी र न्यायिक अधिकार दिएको छ। संविधानद्वारा प्रदत्त अधिकारहरुको प्रयोग गरी स्थानीय तहहरुले आ-आफ्ना ठाउँको विकास जनचाहना अनुरुप आफै गर्न सक्छन्। तर, स्थानीय तहहरुले आफूलाई प्राप्त अधिकारहरुको पूर्ण प्रयोग गर्न नसकेका कारण विकासका ढोकाहरु अपेक्षाकृत रुपमा खुल्न सकेका छैनन्।

अहिले पनि अधिकतर स्थानीय तहहरु पुरानै शैलीमा काम गरिरहेका छन्। उनीहरु अहिले पनि पुराना मानसिकता भन्दा माथि उठ्न सकेका छैन। विद्यायकी, कार्यकारिणी र न्यायिक गरी तीन वटै अधिकारहरु स्थानीय तहले प्राप्त गरेपनि यसका बारेमा अधिकतर जनप्रतिनिधिहरु अन्यौल नै रहेको पाइएको छ। जनप्रतिनिधिहरुले आफ्ना अधिकार र त्यसको दायरा बुझेर काम गर्न सकेको खण्डमा स्थानीय तहले विकासमा फड्को मार्ने निश्चित छ। भौतिक विकासमा मात्र रुम्मलिएर धेरै जो जनप्रतिनिधहरुले अरु कामलाई त्यत्ति ध्यान नदिइहरेको अवस्था विद्यमान छ।

तसर्थ संविधानद्वारा प्रदत्त तीन वटै अधिकारको प्रयोग गरी जनप्रतिनिधिहरुले समन्वयात्मक विकासका लागि आफ्ना पहल र प्रयासहरुलाई अझ सशक्त ढंगले अघि बढाउनुको विकल्प छैन।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# ढल्केबर-इनरुवा प्रसारण लाइन निर्माण

काठमाडौँ, २८ जेठ (रासस)।

नेपाल-भारतबीचको विद्युत् व्यापार विस्तारका लागि महत्वपूर्ण मानिएको निर्माणाधीन हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी प्रसारण लाइन निर्माण सम्पन्न भएको छ। देशभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण तथा विश्वसनीय बनाउन सो आयोजना निर्माण गरिएको हो।

धनुषाको ढल्केबरबाट सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ इनरुवा सबस्टेसनसम्मको एक सय ५४ किलोमिटर चार सय केभी डबल सर्किट प्रसारण लाइन निर्माण सम्पन्न गरिएको छ। प्रसारण लाइनले करिब चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सकिन्छ। मकवानपुरको हेटौँडा उपमहानगरपालिका-११ स्थित थानाभऱ्याङस्थित हेटौँडा सबस्टेसनबाट इनरुवा सबस्टेसनसम्म दुई सय ८८ किलोमिटर प्रसारण लाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण सुरु गरिएको थियो। प्रसारण लाइनलाई हेटौँडा-ढल्केबर एक सय ३४ किलोमिटर र ढल्केबर-इनरुवा एक सय ५४ किलोमिटरलाई दुई खण्डमा विभाजन गरिएको छ। यसमध्ये ढल्केबर-इनरुवा खण्ड निर्माण सम्पन्न भएको हो। हेटौँडा-ढल्केबर खण्ड निर्माणाधीन छ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ढल्केबर-इनरुवा खण्ड निर्माण सम्पन्न हुनु मुलुकको समग्र प्रसारण प्रणालीलाई गुणस्तर तथा विश्वसनीय बनाउन र नेपाल-भारतबीचको विद्युत् व्यापारको परिमाण वृद्धि गर्न महत्वपूर्ण उपलब्धि भएको जानकारी दिनुभयो। हाल सञ्चालमा रहेको ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनबाट हुने विद्युत् आयात-निर्यातको परिमाण आठ सय मेगावाट मात्रै छ। अब ढल्केबर-इनरुवा खण्ड निर्माण सम्पन्न भएपछि विद्युत् व्यापारको परिमाण बढाउन सकिन्छ। कोशी करिडोर हुँदै इनरुवा सबस्टेसनमा आएको विद्युत्लाई त्यस क्षेत्रमा खपत गरी अतिरिक्त भएमा ढल्केबर-इनरुवा प्रसारण लाइनमार्फत ढल्केबर ल्याएर भारतफर्क निर्यात गर्न सकिन्छ।

"हाल रहेको एक सय ३२ केभी प्रसारण लाइनको क्षमताले विद्युत् भार नधान्दा हिउँदयाममा ढल्केबरबाट इनरुवातर्फ विद्युत् पठाउन समस्या थियो, भार धान्न नसकेर लाइन नै चुँडिने अवस्था थियो, अब चार सय केभी प्रसारण लाइनबाट पर्याप्त विद्युत् पठाउन सकिने हुँदा भोल्टेज सुधार भई मुख्य रूपमा मोरङ-सुनसरी औद्योगिक करिडोरको विद्युत् आपूर्ति सुधार हुनेछ," उहाँले भन्नुभयो।

इनरुवा चार सय केभी सबस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेको छ। सुनसरी-मोरङ औद्योगिक करिडोरसहित त्यस क्षेत्रको समग्र विद्युत् आपूर्ति सुधारका लागि हाल सञ्चालनमा रहेको इनरुवा-दुहवी एक सय ३२ केभी प्रसारण लाइनको पुरानो कन्डक्टरलाई बदलेर उच्च क्षमता (एचटिएलएस)को राख्ने प्रक्रिया सुरु भइसकेको छ। यसबाट हालको करिब दुई सय मेगावाट विद्युत् प्रवाह गर्न सक्ने उक्त प्रसारण लाइनको क्षमता वृद्धि भई झन्डै दोब्बर हुनेछ। इनरुवाबाट बर्जुसम्म एक सय ३२ केभी प्रसारण लाइन र बर्जुमा एक सय ३२ केभी सबस्टेसन निर्माणाधीन छ।

इनरुवा सबस्टेसनबाट भारतसँगको विद्युत् व्यापारका लागि इनरुवा-पूर्णिया र नेपाल, भारत तथा बङ्गलादेशबीचको व्यापारका लागि इनरुवा-अनारमनी चार सय केभी प्रसारण लाइन प्रस्ताव गरिएको छ। इनरुवा-अनारमनी प्रसारण लाइनमा कोरियाली निर्यात आयात (एक्जिम) बैङ्कले सहुलियतपूर्ण ऋण उपलब्ध गराउँदैछ। ढल्केबर-इनरुवा खण्ड प्रसारण लाइनमा चार सय १७ टावर निर्माण गरिएका छन्। प्रसारण लाइनलाई सप्तकोशी पार गराउन नदीमा ११ टावर निर्माण गरिएका छन्। कोशी नदीमा पर्ने पाँच किलोमिटर प्रसारण लाइनका लागि २४-३२ मिटर गहिरो पाइल जग (फाउन्डेसन) हालिएको छ। एउटा टावरमा १६ पाइल फाउन्डेसन गरिएका छन्। दुई वर्षअघि कोशी नदीमा आएको बाढीले खडा गरिएको एउटा टावर नै बगाइदिएपछि प्रसारण लाइन निर्माण जटिल बनेको थियो।

कोरोना महामारी, कोशीको बाढी, प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै निर्माणमा स्थानीयको अवरोध, सर्वोच्च अदालतको अन्तरिम आदेश, वन क्षेत्रको जग्गा प्रयोग तथा रूख कटान स्वीकृतिको प्रक्रियागत उल्झनलगायत कारणले निर्माण प्रभावित भएको आयोजना निर्देशक श्यामकुमार यादवले बताउनुभयो। उहाँले सिराहाको लाइन क्षेत्रमा अदालतको अन्तरिम आदेशका कारण चार वर्ष काम रोकिएको र आयोजनाको तीन पटक प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) गर्नु परेको उल्लेख गर्नुभयो। उहाँले ढल्केबर-इनरुवा खण्ड निर्माण सम्पन्न भएकाले सम्पूर्ण जनशक्ति ढल्केबर-हेटौँडा खण्ड निर्माण गर्न परिचालन गरिने बताउनुभयो। अहिले ढल्केबरबाट हेटौँडातर्फ प्रसारण लाइनको तार तान्ने काम भइरहेको छ। हालसम्म ४५ किलोमिटर तार तानिएको छ।

हेटौँडा उपमहानगरपालिका-१५, १६ तथा १७ स्थित हटिया क्षेत्रका केही स्थानीयले प्रसारण लाइनको रुट सार्न माग गर्दै करिब सात वर्षदेखि निर्माणमा अवरोध गरिरहेका छन्। हटिया क्षेत्रमा १४ र हेटौँडा-११ थानाभऱ्याङमा दुईवटा गरी १६ टावर निर्माण गर्न बाँकी छन्। हेटौँडा-ढल्केबर-इनरुवा प्रसारण लाइन आयोजना पहाडी, शिवालिक चुरे र तराई क्षेत्रमा पर्दछ। प्रसारण लाइन मकवानपुर, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, उदयपुर र सुनसरी गरी १० जिल्लामा पर्दछ। तीस महिनामा निर्माण सम्पन्न गर्ने गरी २०६९ माघमा ठेक्का सम्झौता भएको थियो। हेटौँडा-ढल्केबर-इनरुवा चार सय ४० केभी प्रसारण लाइन विद्यमान एक सय ३२ केभी प्रसारण लाइन र पूर्व-पश्चिम राजमार्गको नजिक र प्रायः समानान्तर छ।

प्रसारण लाइनको मार्गाधिकार क्षेत्र प्रसारण लाइनको केन्द्र विन्दुबाट दायाँबायाँ २३/२३ मिटर छ। आयोजनाले पाँच सय १८ हेक्टर वन क्षेत्रमा रहेका रूख काट्नुपर्ने र ३० हेक्टर निजी कृषियोग्य जमिन अधिग्रहण गर्नुपर्ने छ। मार्गाधिकारमा चार सय ७५ हेक्टर निजी जग्गा र एक सय ७१ घर तथा अन्य संरचना प्रभावित हुनेछन्। यसमध्ये ढल्केबर-इनरुवा खण्डमा मार्गाधिकारको क्षतिपूर्तिमा मात्र करिब रु पाँच अर्ब खर्च भएको छ। सत्र करोड अमेरिकी डलर अनुमानित लागत रहेको आयोजना नेपाल सरकार तथा प्राधिकरणको लगानी र विश्व बैङ्कको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार परियोजनाअन्तर्गत सुरु गरिएको हो। विश्व बैङ्कको ऋण अवधि सकिएपछि बाँकी काम हाल सरकार र प्राधिकरणको लगानीमा भइरहेको छ।

# परामर्शदाता संस्थाको नवीकरणमा कडाइ गर्दै शिक्षा मन्त्रालय

काठमाडौँ, २८ जेठ (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्थालगत अनुगमनपछि मात्र शैक्षिक परामर्शदाता संस्थाको नवीकरण गर्ने निर्णय गरेको छ।

लामो समयसम्म नवीकरण नभएका संस्थाको नवीकरण गर्नुपूर्व मन्त्रालयको उच्च शिक्षा महाशाखाको नेतृत्वमा अनिवार्य स्थलगत अनुगमन गरिने मन्त्रालयले जनाएको छ। हालसम्म शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३ अनुसार एक हजार चार सय ७३ वटा संस्था शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षा सञ्चालन गर्ने गरी दर्ता भएका छन्। विसं २०७५ साल साउन १६ गतेबाट संस्था दर्ता तथा नवीकरणलगायतका कार्य रोकिएका थिए भने शैक्षिक मेला सञ्चालन अनुमतिसमेत दिइएको थिएन। अब नवीकरण भएका संस्थालाई मात्रै शैक्षिक मेला सञ्चालनको अनुमति दिइने छ। विनाअनुमति आफूखुशी सञ्चालन भएका शैक्षिक मेलालाई कारवाही गर्ने मन्त्रालयको तयारी छ।

मन्त्रालयमा सूचीकृत भइसकेका संस्थाको विवरण, नामसारी तथा ठाउँसारीको अवस्था, सेवा प्रदान गरेका विद्यार्थीको विवरण प्राप्त नहुनुका

*बाँकी तीन पृष्ठमा*


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सीतापुर, सप्तरी**

# जसपा नेपालको प्रतिवेदनमा विभिन्न राजनीतिक दलको आलोचना

**दैनिक समाचारदाता**
**राजविराज, २८ जेठ ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालको एकता महाधिवेशन जनकपुरमा सुरु भएको छ । बन्द सत्रमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले राजनीतिक प्रतिवेदन प्रस्तुत गरेका छन् ।

३१ पेज लामो प्रतिवेदनमा तीन पेज अध्यक्ष यादवले विभिन्न राजनीतिक दलको आलोचनामा खर्चिएका छन् । उनले आफ्नो राजनीतिक प्रतिवेदनमा कांग्रेस, एमाले, माओवादी केन्द्र, राप्रपा र लोसपाको बारेमा खरो टिप्पणी गरेका छन् ।

रातोपाटीलाई प्राप्त राजनीतिक दस्तावेजको मस्यौदामा तीन वटै प्रमुख दललाई भ्रष्टाचारी, कमिसनखोरीको आरोप लगाइएको छ ।

वैचारिक दृष्टिकोणले नेपाली कांग्रेस 'उदार लोकतान्त्रिक' धारको नेतृत्व गर्ने पार्टी भए पनि व्यवहारमा त्यस्तो नदेखिएको जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको दाबी छ । कांग्रेस विश्वव्यापीकरण, निजीकरण, खुला बजारमा आधारित अर्थव्यवस्था र आर्थिक उदारीकरणको पक्षमा उभिएको र अर्थतन्त्रलाई कुनै किसिमको नियन्त्रण हुनु हुँदैन भन्ने मान्यता राखेको दल रहेको उपेन्द्रको राजनीतिक दस्तावेजमा उल्लेख छ ।

दस्तावेजमा उल्लेख भए अनुसार कांग्रेससँग जसपा नेपालको मिल्ने विषय भनेको नागरिक स्वतन्त्रता र बहुदलीय व्यवस्थामात्र हो । दस्तावेजमा भनिएको छ, 'यो पार्टी हिजो संवैधानिक राजतन्त्रको पक्षधर थियो । परिस्थितिवस लतारिएर गणतन्त्रसम्म आयो, तर हामी सिद्धान्तले नै गणतन्त्रवादी हौं । गणतन्त्रजस्तै यो हिजो सङ्घीयता र समावेशीताको विरुद्धमा थियो । अनिच्छाबस मान्न बाध्य भयो ।'

कांग्रेसका कयौं नेता अहिले पनि सार्वजनिक रूपमै धर्मनिरपेक्षताको विरुद्धमा रहेको उल्लेख गर्दै अध्यक्ष यादवले संविधानसभाले संविधान बनाउँदा प्रत्यक्ष जननिर्वाचित कार्यकारी राष्ट्रपति र पूर्णसमानुपातिक संसदको व्यवस्था हुन नसक्नुको कारण कांग्रेसकै अडान रहेको बताएका छन् ।

सङ्घीय प्रणालीको सही मोडल अर्थात् पहिचानमा आधारित स्वायत्ततासहितको सङ्घीय प्रणाली हुन नसक्नुमा कांग्रेसको ठूलो हात रहेको उल्लेख गर्दै अध्यक्ष यादवले कांग्रेस सहभागितामूलक, समावेशी समानुपातिक लोकतन्त्रको विरुद्धमा उभिने गरेको आरोप लगाएका छन् ।

राष्ट्रिय उद्योगधन्दाहरू समाप्त पार्ने, कृषि अनुदान कटौती गर्ने, कृषि प्रधान देशलाई कृषि वस्तुमै परनिर्भर आयातकर्ता बनाउने, श्रम निर्यात गर्ने बाँकी सबै वस्तुहरू विदेशबाट आयात गर्ने, देशलाई निरन्तर व्यापार घाटामा पार्ने, शिक्षा र स्वास्थ्यको अति व्यापारीकरण तथा माफियाकरण गर्ने, भूव्यवस्थाको व्यापारीकरणमार्फत् अव्यवस्थित शहरीकरण र शहरी सुकुमबासी समस्या सिर्जना गर्ने, नियमक संस्थाहरूको भूमिका कमजोर पार्ने, जताततै मूल्य कार्टेलिङ्ग र सिन्डिकेटलाई प्रश्रय दिने, ठेक्कापट्टा र राजकीय स्रोतहरूमा निश्चित वृत्तलाई मात्र पोस्ने र कमिसन तन्त्रलाई बढावा दिनेजस्ता कार्य कांग्रेसले गरेको जसपा नेपालको आरोप छ ।

कांग्रेसको शासनकालमा लाउडा, धमिजा, सुडानजस्ता ठूलूला भ्रष्टाचार काण्ड भए पनि कहिल्यै विश्वसनीय छानविन नभएको उल्लेख गर्दै अध्यक्ष यादवले आफ्नो प्रतिवेदनमा सुशासनको सवालमा कांग्रेसको प्रतिबद्धता व्यवहारमा नदेखिएको बताएका छन् ।

कांग्रेसले प्रमुख प्रतिपक्षको भूमिकासमेत राम्ररी निभाउन नसक्ने गरी थिलथिलो भएको उनको भनाइ छ ।

**एमाले**

सन् १९९० को दशकमा सोभियत सङ्घको पतनपछि एमालेले जनताको बहुदलीय जनवादमार्फत् परम्परागत संसदीय प्रणालीको बाटो समातेको उल्लेख गर्दै अध्यक्ष यादवले एमाले एकैसाथ संसदवादी र कम्युनिस्ट बन्ने अन्तरविरोधपूर्ण बाटोमा अग्रसर भएको टिप्पणी गरेका छन् ।

एकातिर एमालेले मार्क्सवाद-लेनिनवाद-माओवादप्रति शब्दनिष्ठा व्यक्त गर्न नछाडेको र अर्कोतिर यी विचारको सान्दर्भिकता र प्रयोगबारे व्यापक अन्योल, अविश्वास र हिनताबोध रहेको उनले राजनीतिक प्रतिवेदनमा उल्लेख गरेका छन् ।

अध्यक्ष यादवले राजनीतिक दस्तावेजमा भनेका छन्, 'एकातिर लोकतन्त्रप्रतिको आफ्नो निष्ठामा शङ्का नगर्न अनुनय-विनय गर्दछन् भने अर्कोतिर कम्युनिस्ट-कम्युनिस्ट' को नाममा सामिप्यता र आडभरोसा खोज्न पनि छोडेका छैनन् । एकदलीय सर्वहारा राज्य वा कम्युन प्रणालीलाई मौका पर्ने बित्तिकै गौरव पनि गर्दछन् ।'

दार्शनिक, वैचारिक रूपमा अन्योलग्रस्त र नैतिक रूपमा स्खलित भइसकेको पार्टी सङ्कटनात्मक रूपमा मात्र लामो समय बलियो भइरहन नसक्ने उल्लेख गर्दै उनले आउँदा केही वर्ष वा दशकभित्र कम्युनिस्ट पार्टीहरू भविष्यमा फेरि उठ्न नसक्ने गरी पतनको दिशामा अभिमुख रहेको बताएका छन् ।

कम्युनिस्ट पार्टीका ठूलठूला नेताहरू भ्रष्टाचार, कमिसनतन्त्र तथा नैतिक पतनको घटनामा लज्जास्पद ढङ्गले उदाङ्गिँदै गएको टिप्पणी गर्दै अध्यक्ष यादवले आर्थिक क्षेत्रमा उदारवाद, नवउदारवादी नीतिलाई एमालेले निरन्तरता दिइरहेको दाबी गरेका छन् ।

सम्पत्ति शुद्धीकरण आयोगलाई निष्क्रिय बनाउने तथा ठूला आयोजनाहरू विनाटेन्डर सिधै सम्झौता गर्न सक्ने प्रकरणको भित्री रहस्य कालो धन र कमिसनतन्त्रसँगको साँठगाँठ हो भन्ने कुरामा कुनै शंका नरहेको उल्लेख गर्दै उनले निर्दलीय व्यवस्थाका पञ्चहरू भन्दा पनि तल्लोस्तरका कियाकलाप र चरित्रको प्रदर्शन नेपाली कम्युनिस्टहरूले गरिरहेको उल्लेख गरेका छन् ।

**माओवादी केन्द्र**

माओवादी केन्द्रले १० वर्षे जनयुद्धमार्फत् प्रारम्भिककालको जनवादी गणतन्त्र नेपाल स्थापना गर्ने उद्देश्यलाई स्थगन गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनामा महत्त्वपूर्ण योगदान गरेको जसपा नेपालले स्वीकार गरेको छ ।

माओवादीले संसदीय निर्वाचनमा आफ्नो स्थिति अत्यन्त कमजोर हुने देखेर बाध्य भइ एमालेसँग मिलेर २०७४ सालको चुनाव लडेको उल्लेख गर्दै अध्यक्ष यादवले सत्ता स्वार्थ र नेतृत्वको बिचको आन्तरिक द्वन्द्वका कारण त्यो एकता टिक्न नसकेको टिप्पणी गरेका छन् ।

माओवादीले आफूलाई सर्वहारा वर्गको पार्टी भने पनि वास्तवमा पार्टीको आशा र विश्वास नदेखिएको उनको टिप्पणी छ ।

माओवादी चिन्तन र व्यवहारमा मार्क्सवादी-लेनिनवादी, माओवादी नभइ ढुलमुले, अवसरवादी चरित्र हाबी भएको उनको भनाइ छ । माओवादी पार्टीका नेता, कार्यकर्ता ठूलाठूला भ्रष्टाचार, कमिसनतन्त्र र जग्गा दलालीमा लिप्त रहेको टिप्पणी गर्दै उनले माओवादी केन्द्र विकृति र विसङ्गतिको केन्द्रको रूपमा स्थापित हुँदै गइरहेको बताएका छन् ।

**राप्रपा**

राप्रपाले आफूलाई राजावादी, हिन्दु राष्ट्रवादी पार्टी भन्न रुचाउने गरेको उल्लेख गर्दै अध्यक्ष यादवले पुराना शासकवर्ग र परिवार, राणा, शाह र पञ्चायती शासनका हर्ताकर्ता पञ्चहरूको राजनीतिक रक्षाकवचका रूपमा यो पार्टीको उदय भएको टिप्पणी गरेका छन् ।

यो पार्टीले पछिल्लो चुनावमा केही स्थान हासिल पनि गरेको छ । महेन्द्रीय राष्ट्रवादको पैरवी गर्न राप्रपा धारले बेलाबेलामा कांग्रेस कम्युनिस्टको असक्षमताको धमिलो पानीमा माछा मार्ने प्रयत्न गरेको अध्यक्ष यादवले टिप्पणी गरेका छन् ।

**लोसपा**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल समावेशीता, राष्ट्रिय पहिचान र अधिकारकारको पक्षधर लोकतान्त्रिक पार्टी भएको उल्लेख गर्दै अध्यक्ष यादवले यो पार्टीसँग आफ्ना केही एजेण्डा मिल्ने गरेको बताएका छन् ।

तर, यो पार्टी देश र जनताको हितमा आफ्नो निर्णय आफैं लिन नसक्ने उनको भनाइ छ । लोसपा नेपालले महत्त्वपूर्ण निर्णयकाबारे अर्काको मुख ताक्ने गरे पनि यो पार्टीसँग सहकार्य गर्न सकिने अध्यक्ष यादवले प्रतिवेदनमा उल्लेख गरेका छन् । रातोपाटीबाट

### *सर्पदंशबाट एकै...*

कथन छ ।

अत्याधिक गर्मीका कारण सर्पदंशको मात्र नभई अन्य रोगबाट समेत पीडित भइ आउने विरामीको चाप बढदै गएपछि भुई मै बेड राखेर भएपनि उपचार सेवा प्रदान गरिरहेको उनले बताए । सर्पदंशको घटना ह्वातै बढेपछि अस्पतालमा एन्टीस्नेक भेनम नामक औषधी प्रयाप्त मात्रामा फिकाई स्टक गरिएको गजेन्द्र नारायण सिह अस्पताल प्रशासनले जनाएको छ ।

### *परामर्शदाता संस्थाको ...*

साथै सञ्चालन मै रहेका यी सेवाबाट प्राप्त हुने राजस्वसमेत अद्यावधिक हुनसकेको थिएन । त्यसयता अनुगमन तथा नियमनसमेत हुनसकेको छैन । सेवाग्राही मर्कामा परेका र कारबाहीका लागि उजुरी गर्दासमेत सुनुवाइ नभएको गुनासो आउन थालेपछि मन्त्रालयले सूचीकृत भएका संस्थाको नवीकरणका लागि आवेदन लिने निर्णय गरेको हो । अनुगमनको मासिक प्रतिवेदन शिक्षा मन्त्रीसमक्ष पेश गर्नुपर्ने निर्णय भएको मन्त्रीको सचिवालयले जनाएको छ ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**बलानबिहुल गाउँपालिकाको कार्यालय, सप्तरी**


## विश्व समाचार

### भारतका प्रधानमन्त्री मोदीद्वारा विदेशी पाहुनालाई धन्यवाद ज्ञापन

नयाँदिल्ली, २८ जेठ (रासस/एएनआई) ।

भारतका प्रधानमन्त्री मोदीद्वारा सपथ ग्रहण समारोहमा सहभागी विदेशी पाहुनालाई धन्यवाद ज्ञापन गर्नुभएको छ । भाजपा नेता मोदीले आइतबार राष्ट्रपति भवनमा आयोजित एक भव्य समारोहमा आफ्नो तेस्रो कार्यकालका लागि भारतका प्रधानमन्त्रीका रुपमा सपथ लिनुभएको थियो । राष्ट्रपति द्रौपदी मुर्मुले नरेन्द्र मोदीलाई पद तथा गोपनियताको सपथ ग्रहण गराउनुभएको थियो ।

प्रधानमन्त्री मोदीले एक्समा पोस्ट गरेको एक सन्देशमा भारतका विश्वभरका सहयोगीसँगको सहकार्यको महत्वमा जोड दिँदै साझा चुनौतीहरूको सामना गर्न र पारस्परिक हितलाई अगाडि बढाउन राष्ट्रले आफ्ना मूल्यवान साझेदारहरुसँग नजिकबाट काम जारी राख्ने बताउनुभएको छ । उहाँले भन्नुभयो, "शपथ ग्रहण समारोहमा सहभागी हुनुहुने सबै विदेशी महानुभावहरूप्रति म आभारी छु । मानव प्रगतिका लागि भारतले हाम्रा मूल्यवान् साझेदारहरूसँग सधैं नजिकबाट काम गर्नेछ ।"

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आइतबार तेस्रो कार्यकालका लागि प्रधानमन्त्रीपदको सपथ लिएपछि भारतका छिमेक, हिन्द महासागर क्षेत्रका नेताहरू राष्ट्रपति भवनको मञ्चमा सहभागी भएका थिए । प्रधानमन्त्री मोदीसँग श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमासिङ्घे, माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जु, सेशेल्सका उपराष्ट्रपति अहमद अफिफ, नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिना, भुटानका प्रधानमन्त्री छिरिङ तोब्गे, मौरिससका प्रधानमन्त्री प्रविन्द जुगनाथले प्रत्यक्ष भेटी हात मिलाएर बधाइ ज्ञापन गर्नुभएको थियो ।

विदेशी नेताहरूले राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति जगदीप धनखरलाई सफलतापूर्वक लोक सभा निर्वाचन सम्पन्न गरेकोमा बधाइ दिनुभएको थियो । आइतबार राति राष्ट्रपति मुर्मुले आयोजना गरेको भोजमा सरिक हुनुपूर्व राष्ट्रपति मुर्मु, उपराष्ट्रपति धनखर, भारतीय प्रधानमन्त्री मोदी, नेपालका प्रधानमन्त्री 'प्रचण्ड'लगायतका विदेशी पाहुनाले सामूहिक तस्वीर खिचाउनुभएको थियो ।

भारतीय विदेश मन्त्रालयले भनेको छ, "प्रधानमन्त्री नरेन्द्र मोदीको लगातार तेस्रो कार्यकालको शपथ ग्रहण समारोहमा सहभागी हुन नेताहरूको भ्रमण भारतले आफ्नो 'छिमेक पहिलो' नीति र 'सागर' भिजनलाई दिएको उच्च प्राथमिकताअनुरूप हो ।"

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सपथ ग्रहण समारोहमा सहभागी भएका विदेशी पाहुनाप्रति आभार व्यक्त गर्दै 'छिमेक पहिलो' नीतिप्रति भारतको प्रतिबद्धता दोह्याउनुभएको छ । भारतको विशाल जनसङ्ख्याको सेवा गर्ने आफ्नो प्रतिबद्धता व्यक्त गर्दै उहाँले भन्नुभयो,"देशलाई प्रगतिको नयाँ उचाईमा पुऱ्याउने आफ्नो सरकारको लक्ष्य रहने छ ।"

भारतीय प्रधानमन्त्री मोदीले नवनियुक्त सबै मन्त्रीहरूलाई बधाई ज्ञापन गर्दै भन्नुभयो, "म १४० करोड भारतीयको सेवा गर्न र भारतलाई प्रगतिको नयाँ उचाईमा पुऱ्याउन मन्त्रीपरिषदसँग मिलेर काम गर्न उत्सुक छु । आज शपथ ग्रहण गर्नुहुने सबैलाई बधाई छ । मन्त्रीहरूको यो टोली युवा र अनुभवको ठूलो मिश्रण हो र हामी जनताको जीवन सुधार गर्न कुनै कसर बाँकी राख्ने छैनौं ।"

### भारतमा उष्ण लहर अझै बढ्ने खतरा

नयाँदिल्ली, २८ जेठ (रासस/एएफपी) ।

भारतको इतिहासमा नै सबैभन्दा लामो उष्ण लहर (लु) का कारण सामान्य जनजीवन प्रभावित बनेको भन्दै मौसमविद्हरूले अति आवश्यक कामबाहेक दिनको घाममा घरबाहिर ननिस्कन सुझाव दिएका छन् ।

भारतीय मौसमविद्ले सोमबार नागरिकले अझै केही दिन बढ्दो तापक्रमको सामना गर्नुपर्ने बताएका छन् । उत्तरी भारतका केही भागमा मानिसहरू मे महिनाको मध्यदेखि नै गर्मीको चपेटामा परेको र पछिल्ला केही दिनमा तापक्रम ४५ डिग्री सेल्सियसभन्दा माथि पुगेको छ ।

लगातार २४ दिनसम्म अनुभव गरिएकाले यो सबैभन्दा लामो 'लु' लागेको भारतको मौसम विज्ञान विभाग (आइएमडी) का प्रमुख मृत्युञ्जय महापात्रले दैनिक इन्डियन एक्सप्रेससँगको अन्तर्वार्तामा उल्लेख गर्नुभएको छ । यस महिना वार्षिक मनसुन वर्षा उत्तरतिर सर्दै जाँदा विस्तारै गर्मी घट्ने अपेक्षा गरिएको छ । यद्पी महापात्रले गर्मीको कारण अझ जटिल मौसमी अवस्था आउनसक्ने चेतावनी दिनुभयो ।

यदि सावधानी वा रोकथामका उपायहरू अपनाइएन भने उष्ण लहरहरू बढी बारम्बार, लामो र कडा हुने उहाँले बताउनुभयो ।

भारत विश्वको तेस्रो ठूलो हरितगृह ग्यास उत्सर्जन गर्ने मुलुक हो तर सन् २०७० सम्ममा शुद्ध शून्य उत्सर्जन अर्थव्यवस्था हासिल गर्न प्रतिबद्ध छ । अहिले भने भारत विद्युत उत्पादनका लागि कोइलामा अत्यधिक निर्भर छ ।

"मानव गतिविधि, बढ्दो जनसङ्ख्या, औद्योगीकरण र यातायात संयन्त्रले कार्बन मोनोअक्साइड, मिथेन र क्लोरोकार्बनको एकाग्रता बढाइरहेको महापात्रले उल्लेख गर्नुभयो ।

हामीले आफूलाई मात्र होइन, हाम्रो भावी पुस्तालाई पनि खतरामा पार्दैछौं । वैज्ञानिक अनुसन्धानले जलवायु परिवर्तनले उष्ण लहरहरू लामो, अधिक बारम्बार र अधिक तीव्र हुँदै गएको देखाउँछ ।

पछिल्लो गर्मीको लहरले नयाँदिल्लीको तापक्रम सन् २०२२ को ४९.२ डिग्री सेल्सियसको उच्च : रेकर्डमा पुगेको छ ।

तापक्रम वृद्धिसँगै देशबासीले गर्मीबाट राहत खोज्दा बिद्युत ग्रिडमा आठ हजार ३०२ मेगावाटको उच्च रेकर्डको माग पुगेको छ ।

मे २९ मा, दिल्लीको उपनगर मुङ्गेशपुरको एक स्वचालित मौसम स्टेसनले ५२.९ डिग्री सेल्सियसको उच्च तापक्रम रेकर्ड गरेको खबर पत्रपत्रिकामा आएको थियो तर सरकारी अधिकारीले उक्त तापक्रम सेन्सरको त्रुटिपूर्ण परिणाम भएको जनाएको थियो ।

दिल्लीका अन्य ठाउँका १७ अन्य सहरका स्टेसनहरूले सोही दिन अधिकतम ४९ डिग्री सेल्सियस तापक्रम मापन गरेका थिए ।

# सीप अनुसारकै रोजगार प्रवर्द्धनका लागि परियोजनाले प्रोत्साहन गर्ने




**दैनिक समाचारदाता**
**राजविराज, २८ जेठ ।**

वैदेशिक रोजगारीबाट स्वदेश फर्केकाहरुका लागि पुन:एकीकरण गर्ने उद्देश्यले राजविराज नगरपालिकाको आयोजनामा सामुदायिक स्तरमा सन्देश फैलाउने उद्देश्यले जनचेतनामूलक ऱ्याली निकालिएको छ ।

रेमी परियोजना अन्तरगत "स्थानीय स्तरमा फिर्ति र पुन:एकीकरण योजना सन्देश फैलाउन सामुदायिक सत्र" नाराका साथ सो ऱ्याली सोमबार राजविराज वडा नं. १ मा निकालिएको हो ।

परियोजनाका रोजगार परामर्शकर्ता शिवबिलास यादवले वैदेशिक रोजगारबाट सीप सिकेर फर्केका ५० वर्ष मुनीका व्यक्तिहरुलाई पुन:स्थापना गराउने परियोजनाको उद्देश्य रहेको बताए । उनले भने, "परियोजनाले सीप अनुसारकै रोजगारीका लागि परामर्श दिने कार्य गरिरहेको छ, रोजगारीका लागि विदेश गएका व्यक्तिहरुले केही सीप सिकेर फर्केका हुन्छन् । पुन: विदेश नजाने मनिस्थितिमा रहेकाहरुलाई सिकेकै सीप अनुसार स्थानीयस्तरमा रोजगारका लागि पुन:स्थापित गराउन मद्दत गर्छौं ।"

हाल विदेशबाट फर्किएका व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने कार्य जारि रहेको र सो तथ्याङ्क संकलन भएपछि उनीहरुको सीप अनुसारकै रोजगार प्रवर्द्धनका लागि परियोजनाले प्रोत्साहन गर्ने लक्ष्य लिएको रोजगार संयोजक ज्योतिष यादवले बताए ।

राजविराज नगरपालिकाको सहयोगमा उक्त परियोजना हाल राजविराज नगरपालिका वडा नं. १ र ९ मा संचालनमा छ ।

आयोजित ऱ्यालीमा वडा नं. १ निमित्त वडाअध्यक्ष खेलानन्द यादव, रोजगार परामर्शकर्ता शिवबिलास यादव, रोजगार संयोजक ज्योतिष यादव, स्थानीयवासी महिला तथा पुरुषको सहभागिता थियो । सोही ऱ्याली आइतबार राजविराज वडा नं. ९ मा निकालिएको थियो ।

# मधेश प्रदेश मन्त्रिमण्डलमा थपिए दुई मन्त्री

**दैनिक समाचारदाता**
**जनकपुर, २८ जेठ ।**

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मन्त्रिपरिषद् विस्तार गरेका छन् । मुख्यमन्त्री सिंहको सिफारिसमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले आइतबार जनमत पार्टीका तर्फबाट त्रिभुवन साहलाई वन तथा वातावरण मन्त्री र मोहम्मद सकिल मियाँलाई विना विभागीय मन्त्री नियुक्त गर्नुभएको हो ।

यसअघि विना विभागीय राज्यमन्त्री नियुक्त रञ्जुकुमारी मण्डल खड्गलाई वन तथा वातावरण राज्यमन्त्रीको जिम्मेवारी दिइएको छ ।

मन्त्री साह सिरहाको क्षेत्र नं. ४ को (१) र मन्त्री मियाँ सप्तरी क्षेत्र नं. १ को (२) बाट निर्वाचित हुन् ।

यससँगै मधेश प्रदेश मन्त्रिपरिषद् १६ सदस्यीय भएको छ । यसअघि मुख्यमन्त्री सिंहले १० मन्त्री र ३ राज्य मन्त्री नियुक्त गरेका थिए ।

## एकै दिन ६...

विष सेवन गरी आत्महत्या प्रयास गर्नेमा २ जना अविवाहित र ४ जना विवाहीत महिला छन् । घरायसी विवाद, विवाह पश्चात् सम्बन्ध विग्रीएको, आर्थिक समस्यादेखि प्रेम सम्बन्ध र असफलता लगायतका कारणले आवेशमा आई आत्महत्याको बाटो रोज्ने गरेको अनुसन्धानको क्रममा खुल्ने गरेको प्रहरीको भनाइ छ ।

जिल्लामा गत आर्थिक वर्ष २०७९/०८० मा झुण्डिएर, विष सेवन गरेर, नदी खोलामा हामफालेर ७९ जनाले आत्महत्या गरेको प्रहरीको तथ्याङ्कमा रहेको छ ।

चालु आर्थिक वर्ष २०८०/०८१ को हाल सम्मको अवधीमा झुण्डिएर ६८ र विष सेवन गरेर २२ गरी ९० जनाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्कले देखाएको छ ।

## माइग्रेशन सर्टिफिकेट हराएको सूचना

जिल्ला सप्तरी राजविराज वडा नं. ६ वस्ने डेभिड चौधरीको NEB Registration No. 740548186 भएको Migration Certificate २०८१ बैशाख २३ गते राजविराजबाट बिराटनगरतर्फ जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरि बुझाइदिनु हुन हार्दिक अनुरोध छ ।

**आग्रहकर्ता : डेभिड चौधरी**
**मोबाइल नं. ९८१९७५९९८४**

## माइग्रेशन सर्टिफिकेट हराएको सूचना

जिल्ला सप्तरी राजविराज वडा नं. ४ वस्ने सगुप्ता प्रविणको NEB Registration No. 731530059 भएको Migration Certificate २०८१ बैशाख २५ गते राजविराजबाट बिराटनगरतर्फ जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरि बुझाइदिनु हुन हार्दिक अनुरोध छ ।

**आग्रहकर्ता : सगुप्ता प्रविण**
**मोबाइल नं. ९८१६५५१००८**




अनुरोधकर्ता
तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी



अनुरोधकर्ता
राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*